"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"
# महालक्ष्मी नगरपालिका
Mahalaxmi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

मिति :२०७७/०८/०९

## शुभकामना

सन् १९९१ देखि विश्वभर प्रत्येक वर्ष नोभेम्वर २५ देखि डिसम्वर १० सम्म लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुरु भएकोछ । नेपालमा समेत वि.स. २०५४ सालबाट यो अभियान विभिन्न कार्यक्रमका साथ सञ्चालन गरिदै आएको छ ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालनको मुख्य उद्देश्य लिङ्गको आधारमा हुने सबै प्रकारका हिंसा, असमानता र विभेदको अन्त्य गर्दै शोषणरहित समाजको स्थापनामा सहयोग पुर्‍याई सबैलाई सम्मानपूर्वक जीवनयापन गर्न सहयोग पुर्‍याउनु हो । विगत वर्षभैं यस वर्ष पनि Orange the world : Fund, Respond, prevent, collect भन्ने अन्तराष्ट्रिय नारासहित सन् २०२० नोभेम्वर २५ देखि डिसेम्वर १० सम्म विश्वभर यो अभियान मनाइदै छ । नेपालमा पनि २०७७ मङ्सिर १० गतेदेखि २५ गतेसम्म यो कार्यक्रम **"लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धता : व्यक्ति, समाज र सबैको ऐक्यबद्धता"** भन्ने राष्ट्रिय नारा तय गरी विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ ।

लैङ्गिक हिंसा आफैमा जघन्य सामाजिक अपराध हो । समाजमा विभिन्न प्रकारका लैङ्गिक हिंसाका घटनाहरु घट्ने गरेका छन् । यस्ता दुखदायी अमानवीय घटनाप्रति खेद प्रकट गर्दछु साथै यस प्रकारका घटनाका पीडित वर्गप्रति उच्च सहानुभूति व्यक्त गर्दै उचित न्याय दिलाउन र पिडकलाई कानुन बमोजिम कारवाहीको माग गर्दछु ।

भविष्यमा सबै प्रकारका लैङ्गिक हिंसा विरुद्ध सबैलाई एकजुट हुन आह्वान गर्दै यस अवसरमा आदरणीय नगरवासी महानुभावसहित सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कोभिड संक्रमको विषम परिस्थितिमा स्वास्थ्य सुरक्षाको पर्याप्त मापदण्ड अवलम्बन गरी अभियान सञ्चालन गर्नुहुन साथै कोभिड-१९ विरुद्ध सचेततापूर्वक योगदान गर्न सम्पूर्णमा आह्वान गर्दछु ।

रामेश्वर श्रेष्ठ
नगर प्रमुख
महालक्ष्मी नगरपालिका, ललितपुर ।

फोन नं.: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np